# प्रेस बिज्ञप्ती

प्रस्तुत बिषयमा अपाङ्गता अधिकार र बिकासका लागि कृयासिल - नेपालको तर्फबाट निवेदक अख्तियार प्राप्त डा. बिरेन्द्र राज शर्मा पोखरेलले श्री सर्वोच्च अदालत समक्ष नेपालको संविधानको धारा ४६, १३३ (२) र (३) बमोजिम अपाङ्गता भएका व्यक्तीलाई प्रतिनिधी सभा र प्रदेश सभामा अनिवार्य रुपमा समानुपातीक निर्वाचन हुने गरी परमादेश लगायत अन्य उपयुक्त तथा उचित आदेश समेत जारि गरि पाउँ भनि २०७४ साल आश्विन महिना ०४ गते निवेदनपत्र चढाएको र राष्ट्रिय अपाङ्ग महासंघ- नेपालको तर्फबाट अख्तियार प्राप्त तात्कालिन अध्यक्ष सुदर्शन सुवेदी समेतले २०७४ साल आश्विन महिना २८ गते सोही निवेदनमा टेकेर पुरक निवेदन चढाएको सन्दर्भमा मिती २०८० पौष २६ गते सर्वोच्च अदालतको संयुक्त इजलासले विपक्षीहरुको नाममा निर्देशनात्मक आदेस जारि गरेको हुँदा सबैको जानकारीकोलागी यो प्रेस विज्ञप्ती प्रकासित गरिएको छ।

नेपालको संबिधान बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, तथा भौगोलिक बिबिधतायूक्त बिशेषतालाई आत्मसात गरी बिविधता वीचको एकता, सामाजीक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रर्वधन गर्दै, वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजीक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्दान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्पका साथ नेपालको संविधान २०७२ असोज ३ मा जारि भै कार्यान्वयनमा आएको हो। उक्त संविधानको धारा ४२ को प्रथम संसोधनले सामाजीक न्यायको हकको उपधारा (१) मा आर्थिक, सामाजीक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले बिपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्दान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने संवैधानीक व्यवस्था गरेको छ। सोही धाराको उपधारा (३) मा अपाङ्गता भएका नागरिकलाई बिविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपुर्वक जीवनयापन गर्न पाउने र सार्वजनीक सेवा तथा सुबिधामा समान पहुचको हक हुनेछ भन्ने समेत संबैधानिक व्यवस्था रहेकोछ।

उपरोक्त मौलिक हकका अतिरिक्त धारा ८४ मा प्रतिनीधि सभाको गठनको उपधारा (१) को खण्ड (ख) मा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजीम निर्वाचित हुने एक सय दश सदस्यका लागी उपधारा (२) मा समानुपातिक निर्वाचन प्रणाली



National Federation of the Disabled-Nepal 1993 Kathmandu

बमोजीम हुने प्रतिनिधि सभाको निर्वाचनका लागी राजनितिक दलले उम्मेदवारी दिदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सुचिका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघिय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिदा भुगोल र प्रादेशीक संतुलनलाई समेत ध्यान दिनु पर्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । यस्तै सोही धाराको उपधारा (३) मा उपधारा (२) बमोजीम राजनितिक दलले उम्मेदवारी दिदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्थामा गर्नु पर्नेछ भन्ने व्यवस्थाले उक्त बन्द सूचिमा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने बाध्यकारी संवैधानिक व्यवस्था रहेको छ । त्यस्तै धारा १७६ मा प्रदेश सभाको गठनको उपधारा (१) को खण्ड (क) मा सम्वन्धित प्रदेशवाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजीम समानुपातिक निर्वाचन प्रणाली बमोजीम हुने प्रदेश सभाको निर्वाचनका लागी राजनितिक दलले उम्मेदवारी दिदा जनसंख्याको आधारमा दिनुपर्ने कुरा उल्लेख छ । सोही धाराको उपधारा (७) मा उपधारा (६) बमोजीम राजनितिक दलले उम्मेदवारी दिदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ भन्ने संवैधानिक व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी बन्दसूचिको व्यवस्था गर्नैपर्ने संवैधानिक बाध्यता छ ।

नेपाल सरकारवाट संघिय प्रतिनिधी सभा र प्रदेश सभाको पहिलो निर्वाचन २०७४ र दोश्रो निर्वाचन २०७९ मा भै सकेको अवस्था छ । प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा २८ मा उम्मेदवारको बन्द सुचि तयार गर्ने व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा ५ मा दलले यस दफा बमोजीम उम्मेदवारहरुको बन्द सुचि तयार गर्दा भुगोल र प्रादेशीक सन्तुलनलाई समेत ध्यान दिई जनसंख्याको आधारमा अनुसुचि १ मा उल्लेख भए बमोजीम दलित , आदिवाशी जनजाति, खस आर्य , मधेशी थारु र मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्दान्त बमोजीम तयार गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था देखिन्छ । त्यस्तै उपदफा (६) मा दलले उम्मेदवारको बन्द सुचि तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रनिनिधित्व हुने गरी गर्नुपर्नेछ भन्ने कानूनी बाध्यात्मक व्यवस्था रहेकोछ ।

यस्तो संवैधानिक तथा कानूनी व्यवस्था राखिएता पनि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) संग सम्वन्धित अनुसुचि-१ मा क्रमशः दलित १३.८, आदिवासी जनजाती २८.७, खस आर्य ३१.२, मधेसी १५.३, थारु ६.६, मुस्लिम ४.४ मात्र उल्लेख गरी राष्ट्रिय जनगणना २०७८ बमोजिम २.२५ जनसख्याँ भएको अपाङ्गता भएको व्यक्तिलाई अनुसुचिमा समावेश गरिएको छैन् । जुन कार्यले संबिधानको धारा ४२ को उपधारा १ र ३, धारा ८४ को उपधारा (१) को खण्ड (ख) र उपधारा (२) र (३) त्यस्तै धारा १७६ को उपधारा १ को खण्ड (क) र (ख), उपधारा ६ र



National Federation of the Disabled-Nepal 1993 Kathmandu

CamScanner

७ को वाध्यात्मक सम्वैधानिक व्यवस्था र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संवन्धि महासन्धि एवं स्वेच्छिक प्रोटोकल २००६ (Convention on the Rights of Persons with Disabilities and Optional Protocol 2006) को धारा २९ मा भएको व्यवस्था अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई राजनितिक तथा समग्र सामाजीक जीवनमा सहभागीता हुने अधिकार समेतको घोर उल्लंघन हुन गएकाले संघिय प्रतिनीधि सभा र प्रदेश सभाको समानुपातिक निर्वाचन प्रयोजनको लागि अपाङ्गता भएको व्यक्ति समेत लाई अनुसुचिमा समावेश गर्नु गराउनु भनि बिपक्षिहरुका नाउँमा संवैधानिक तथा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक तथा उचित उपचार प्रदान गरी उक्त संवैधानिक तथा कानूनी हकको प्रचलन गराई पाउँन श्री सर्वोच्च अदालत समक्ष परमादेश लगायत अन्य उपयुक्त तथा उचित आदेश समेत जारि गरि पाउँ भनि निवेदन दर्ता गराईएको थियो।

उक्त रिट निबेदनमा श्री सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, श्री ब्यवस्थापिका संसद, संसद सचिवालय, श्री कानुन तथा न्याय मन्त्रालय तथा श्री निर्वाचन आयोग समेतलाई बिपक्ष बनाईएको थियो । सर्वोच्च अदालतले यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सो को आधार र कारण सहित बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परै वा अबधि व्यतित भएपछि नियमानुसार पेश गर्नु। साथै निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा विपक्षीलाई समेत उपस्थित गराई छलफल गर्न उपयुक्त भएकोले मिति २०७४/६/२६ लाई छलफलको पेशी तोकी सो को जानकारी सम्बन्धित पक्षलाई समेत गराई कानून बमोजिम गरी पेश गर्नु भन्ने ब्यहोरा सहित मिति २०७४/६/२४ मा आदेश गरेको थियो ।

यसमा अन्तरिम आदेश जारी हुने नहुने सम्वन्धमा, नेपालको संविधानको धारा ४२(४) ले अपाङ्गता भएका नागरिकहरुलाई मर्यादा र आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक हुने व्यवस्था गरेको छ भने समानुपातिक निर्वाचन प्रणाली वमोजिम हुने प्रतिनिधसभाको निर्वाचनको लागि उम्मेदवारी दिँदा अपाङ्गता भएका ब्यक्तिको समेत प्रतिनिधित्व गर्नुपर्ने भन्ने धारा ८४(३) मा व्यवस्था भएको र प्रदेशसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिँदा अपाङ्गता भएका ब्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ भनी धारा १७६(७) मा ब्यवस्था भएको देखिन्छ।प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८(६) र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८(६) मा पनि दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएका



National Federation of the Disabled-Nepal 1993 Kathmandu

व्यक्तिलाई समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था गरिरहेको देखियो।यसरी नेपालको संविधान र निर्वाचनसँग सम्वन्धित प्रचलित कानूनी प्रावधानहरुले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएका व्यक्ति समेतको प्रतिनिधित्व हुने ब्यवस्था भइरहेको साथै प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफमा (१०) र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८को उपदफा (९) मा ब्यवस्था भए वमोजिम पेश भएका सूचिहरुको परीक्षण भई कानून अनुरुप नभएमा सच्याउन लगाउने लगायतका कार्य सम्वन्धित निकायबाट हुन बाँकि नै रहेकोले सो बमोजिम उक्त संवैधानिक र कानूनी प्रावधानहरुको परिपालना निर्वाचन आयोगबाट हुन सक्ने नै हुँदा तत्काल माग वमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन भन्ने समेत बेहोराको आदेश। मिति २०७४।६।२९ मा सर्वोच्च अदालतले दिएको थियो।

निवेदकले पेश गरेको अनुसूची १ मा पिछडिएका ब्यक्तिहरु तथा अपाङ्गता भएका ब्यक्तिहरु समावेश नभएको भन्ने निवेदन जिकिरको सम्बन्धमा उपरोक्त संवैधानिक तथा कानूनको सारभूत व्यवस्थालाई अनुसूचीले संकुचन गरेको वा सीमित गरेको भनी मान्न मिल्ने हुँदैन। उक्त संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम नै बन्दसूची तयार गर्नु पर्ने कुरामा दुबिधा हुनु पर्ने कुनै कारण छैन। साथै प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (१०) मा उम्मेदवारको बन्दसूची यस ऐन बमोजिम तयार भए नभएको यकिन गरी सो बमोजिम तयार नभएको भए सम्बन्धित दललाई सात दिनभित्र सच्याउन आयोगले सूचित गर्नेछ।उक्त कानूनी व्यवस्था बमोजिमको वन्दसूची पेश हुन नआएमा आयोग आफैंले सूची सुधारको लागि सम्बन्धित दललाई सूचित गर्ने व्यवस्थासमेत रहेको अवस्थामा संवैधानिक आयोगले सम्पादन गर्ने काम कारवाहीको सम्बन्धमा अनावश्यक आशंका गर्नु पर्ने कुनै कारण छैन।प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिउत्तर विपक्षीहरुको तर्फबाट पर्न आएको कुरालाई ध्यान दिएको पाईन्छ।

पटक पटक रिटको मिती सर्दै ६ बर्ष पछी मिती २०८० पौष २६ गते १२औं पेशीको समयमा सर्वोच्च अदालतको माननीय न्यायाधीश द्वय श्री सुष्मालता माथेमा र माननीय न्यायाधीश श्री बालकृष्ण ढकालको संयुक्त इजलासले वि.स. २०७४ मंसिर ८ को निर्वाचनलाई इङ्गित गरी परमादेशको माग गरिएको थियो त्यो निर्वाचन सम्पन्न भई परिणाम समेत आइसकेको अवस्था छ।तसर्थ रिट निवेदन माग वमोजिम परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिन आएन भनि निर्देशनात्मक आदेस दिएर सो रिट खारेज गरेको कुरा जानकारी गराउन चाहन्छौं।

National Federation of the Disabled-Nepal
1993
Kathmandu



CamScanner

सर्वोच्च अदालतको निर्देशनात्मक आदेस अनुसार प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे ता पनि संविधान र निर्वाचन सम्वन्धी कानूनले प्रत्याभूत गरे वमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुरुप राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्दा अपाङ्गता भएका ब्यक्तिहरुको तोकिए वमोजिम प्रतिनिधित्व हुनु जरुरी रहेको र विपक्षीहरुले लिखित जवाफ मार्फत जनाएको प्रतिवद्धता ब्यवहारमा देखिनु पर्ने हुन्छ।अतः आगामी निर्वाचनमा यसको सुनिश्चितताको प्रत्याभूति हुने गरी आवश्यक ब्यवस्था गर्नु, गराउनु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिएको, भनिएको छ।

सर्वोच्च अदालतको यस निर्देशनात्मक आदेस परिपालन गराउन र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनको संशोधनको प्रकृयामा उल्लिखित संवैधानिक र कानुनी व्यवस्था अनिवार्य समावेश गराउन हामी समस्त मानव अधिकार कर्मी, विकास साझेदार, नागरिक समाज, अपाङ्गता भएका व्यक्तीहरुको संघ संस्थाहरु, निर्वाचन आयोग र स्वयं सरकार एवं प्रतिनिधी सभा समक्ष आग्रह गर्दछौं र यस कुराको प्रचारप्रसार गरी अपाङ्गता भएका व्यक्तीहरुको राजनैथीक प्रतिनिधित्वको अधिकार सुनिश्चित गरि समतामुलक समाज निर्माण गराउन सहयोगकालागी समस्त संचार माध्यम समक्ष हार्दिक आग्रह गर्दछौं।

डा. वीरेन्द्र राज पोखरेल
संस्थापक, कार्यकारी निर्देशक,
अपाङ्गता अधिकार र बिकासका लागि कृयासिल – नेपाल

देवीदत्त आचार्य
अध्यक्ष,
राष्ट्रिय अपाङ्ग महासंघ- नेपाल
भृकुटीमण्डप, काठमाडौं

मिति : २४ भाद्र, २०८१



CamScanner